'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ | अंक : १३२ | मंगलबार २३ पुष, २०८१ | 07 (Tuesday) January 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## विरेन्द्र शाही स्मृति क्रिकेटको तेश्रो संस्मरण

# कोहलपुरमा जिल्ला स्तरिय २०-२० क्रिकेट प्रतियोगिता फागुनमा

नमस्ते समचारदाता

कोहलपुर, पुष/२२




कोहलपुरमा "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारा सहित तेस्रो विरेन्द्र शाही स्मृति खुल्ला क्लब स्तरीय २०-२० क्रिकेट प्रतियोगिता फागुनको १८ गतेदेखि सुरु हुने भएको छ। फागुन १८ देखि सुरु हुने सो क्रिकेट प्रतियोगितामा १६ वटा क्लबको सहभागिता रहने र फागुन २८ गते सम्म प्रतियोगिता संचालित रहने बताइएको छ। सोमबार कोहलपुरमा राखिएको पत्रकार सम्मेलनमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान लेखबहादुर क्षेत्रीले क्रिकेट खेलको महत्व र यसको विकासमा आवश्यक कदमबारे महत्वपूर्ण विचार व्यक्त गरेका थिए। कोहलपुर क्षेत्रमा क्रिकेट खेलको त्यसमा पनि अझ महिला क्रिकेटको हकमा लेखबहादुर क्षेत्री जननी नै मानिन्छन्। क्षेत्रीले खेलकुदलाई केवल स्वास्थ्य सुधारका लागि मात्र नभई दक्ष खेलाडी उत्पादन गर्ने माध्यमका रूपमा लिनुपर्ने सुझाव दिए। उनले यस्ता प्रतियोगिताहरूले खेलाडीलाई आफ्नो प्रतिभा प्रस्तुत गर्न अवसर प्रदान गर्नुका साथै देशभरि खेलकुदको विकासमा सहयोग पुऱ्याउने विश्वास गरे। क्षेत्रीले भने, 'खेलकुदको माध्यमबाट कोहलपुरलाई देशभरी खेलकुद हबका रूपमा चिनाउन सकिन्छ। कोहलपुरमा पछिल्ला दिनमा भइरहेको खेलकुद गतिविधिहरूले क्षेत्रीय खेलकुदको सम्भावना उजागर गरेको छ र यसलाई सबै क्षेत्रबाट सहयोग र हौसलाको प्रदान गरिनु पर्छ।' क्षेत्रीले विशेष रूपमा बाँकेको कोहलपुरबाट नेपालमा महिला क्रिकेटको विकास आफूसँगै सुरु भएको स्मरण गर्दै खेलकुदमा आफ्नो योगदान जारी राख्ने प्रतिवद्धता समेत व्यक्त गरे। क्लबहरूका लागि निःशुल्क प्रशिक्षण दिन आफू तयार रहेको भन्दै क्षेत्रीले आगामी दिनमा क्रिकेटको जग अझ बलियो बनाउन व्यक्तिगत तथा संस्थागत प्रयास गर्नुपर्नेमा जोड दिए। कार्यक्रमका विशिष्ट अतिथि, कोहलपुर नगरपालिका खेलकुद विकास संयोजक चक्र चिमाला क्षेत्रीले, 'सबै सँगको हातेमालो र सहकार्यबिना खेलकुदको दिगो विकास संभव छैन भन्दै नगरपालिकाले यस्ता गतिविधिहरूलाई थप बजेट विनियोजन गरेर सहजीकरण गर्नुपर्ने सुझाव दिए। यसैगरी, वडा नं. ११ का अध्यक्ष कल्पना अधिकारीले नगरपालिकाले खेलकुदको जिम्मेवारी लिएर खेलाडीहरूको हौसला बढाउनुपर्ने धारणा राखिन। यस्तै नेकपा एमालेकी नेत्री अनिता पौडेलले समग्र कोहलपुरको खेलकुद विकासको लागि आफुले भौतिक र आर्थिक रुपमा सहयोग गर्ने प्रतिवद्धता जनाइन। यो प्रतियोगिता युनाइटेड भिजन क्रिकेट क्लबद्वारा आयोजना गरिएको छ। प्रतियोगितामा विजयताले नगद रु १ लाख ५० हजार, रनरअपले ७१ हजार, प्लेअफ दि म्याचले रु १० हजार, वेष्टब्याट्सम्यानले रु ५ हजार, इमर्जिङ प्लेयरले ३ रु हजार र मोष्ट भ्यालुयबल प्लेयरले रु १० हजार पुरस्कार प्राप्त गर्ने आयोजकले जानकारी गराएको छ। प्रतियोगिताले प्रतिभावान खेलाडीलाई थप मञ्च प्रदान गर्ने र कोहलपुरको खेलकुद क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ। सो प्रतियोगिता कोहलपुर स्थित प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदानमा हुने छ।

# प्रेस सेन्टरका पालिका स्तरका अधिवेशन सम्पन्न

नमस्ते समचारदाता

कोहलपुर, पुष/२२



बाँकेका पालिकास्तरमा प्रेस सेन्टर नेपालका अधिवेशनहरु सम्पन्न भएका छन्। सोमबार कोहलपुर नगर समितिको दोस्रो नगर सम्मेलनबाट निरज सिंहको अध्यक्षतामा ११ सदस्यीय नगर समिति निर्वाचित भएको छ। त्यस्तै खजुरा शाखा दोस्रो अधिवेशनबाट दिपक कुंवरको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको छ। त्यस्तै डुडुवा शाखाको अधिवेशनबाट कालु गिरीको अध्यक्षतामा पनि ११ सदस्यीय समिति गठन भएको छ। प्रेस सेन्टर नेपाल बाँके जानकी गाउपालिका शाखाको पहिलो अधिवेशनबाट निर्वाचित अध्यक्ष समीर शेषको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति गठन भएको छ। यस्तै नेपालगन्ज उपमहानगरपालिकाको दास्रो अधिवेशनबाट अरशद अलि रंगरेजको अध्यक्षतामा १३ सदस्यीय समिति गठन भएको छ। प्रेस सेन्टर नेपाल कोहलपुर पालिका सम्मेलनको नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समिति बाँकेका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि नरेन्द्र पाण्डे (जेम्स) ले उद्घाटन गरेका थिए। सम्मेलनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै पाण्डेले प्रेस सेन्टरले समाज परिवर्तनमा उल्लेखनिय भुमिका खेलेको भन्दै प्रशंसा गरेका थिए। मिडियाले मुलुक र जनताको पक्षमा कलम चलाउनुपर्ने कुरामा जोड दिदैं उनले भने, 'नेपाली समाजले सवैभन्दा बढी विश्वास गर्ने प्रेस जगत नै हो, पत्रकारको आचरण खराव भयो भने मुलुकले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ।' उनले जनपक्षीय पत्रकारितामा थप सशक्त भएर लाग्न आग्रह गरे। कार्यक्रममा प्रेस सेन्टर नेपाल, जिल्ला समन्वय समिति बाँकेका अध्यक्ष राजेश आचार्य, नेकपा (माओवादि केन्द्र) कोहलपुर नगर समितिका अध्यक्ष बल बहादुर खड्का, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश सचिव सरला सुवेदी, सदस्य निर्मल आचार्य, प्रेस चौतारी कोहलपुर कमिटि सचिव रबि रोकाया लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# हराएको एक हप्तापछि किशोरकिशोरी जंगलमा मृत भेटिए

नमस्ते समचारदाता

दैलेख, पुष/२२



एक हप्ता अघिदेखि बेपत्ता भएका किशोरकिशोरी आइतबार मृत भेटिएका छन्। पुसको १३ देखि बेपत्ता भएका उनीहरू घरनजिकैको तुसोरे जङ्गलमा मृत फेला परेका जिल्ला प्रहरी कार्यालय दैलेखले जानकारी दिएको छ। कालिका माध्यमिक विद्यालय भगवतीमाई गाउँपालिका-४, मन्घरमा कक्षा १० मा अध्ययनरत मनसिंह विक र कक्षा ९ मा अध्ययनरत शर्मिला थापा एक हप्तादेखि बेपत्ता भएका थिए। विद्यालयका प्रधानाध्यापक कर्णबहादुर थापाले एक हप्तासम्म पनि विद्यालयमा नआउँदा परिवारलाई खबर गरिएको र घरमा नभएको कुरा आएपछि खोजी गरिएको बताए। थापाले भने, 'खोज्दै जाँदा जङ्गलमा एउटै डोरीमा बाँधिएर आत्महत्या गरेको पाइयो। प्रेमसम्बन्धमा थिए कि भन्ने आशङ्का छ।' छात्रा शर्मिला थापाका आफन्त समेत रहेका प्रधानाध्यापक थापाले शवको पोस्टमार्टम गर्न केटापक्षले आनाकानी गरेको बताए। उनले जातीय विभेदको कुरा ल्याएर केटापक्षले आनाकानी गरेपछि पोस्टमार्टम गर्न नसकिएको उनको भनाइ छ। केटाकेटी दुवैले आत्महत्या गरेका कारण केटापक्षले नै केटीको समेत काजकिरिया गर्ने कुरा केटी पक्षले गरेको र केटापक्षले पोस्टमार्टम गर्दा गर्भमा बच्चा भएको खण्डमा मात्र आफूहरूले काजकिरिया गर्ने अडान राखेको छ। दलित अधिकारकर्मी तथा अगुवा जयबहादुर विकले जातीय विभेदकै कारण किशोरले आत्महत्या गरेकाले सहजै पोस्टमार्टम गर्न नसकिने बताए। उनले विभेदकै कारण दुवैको मृत्यु भएको बताउँदै यस्ता घटना दोहोरिन नदिन जिम्मेवार पक्षले विभेद अन्त्यका लागि साझा प्रतिवद्धता नगर्दासम्म आफूहरूले शव नबुझ्ने बताएका छन्। उनले जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुखको व्यवस्थापन पहिला गर्नुपर्ने बताए। उनले दुवै पक्षको क्षति भएका कारण दुवै पक्ष सहमतिमा आएर शवको पोस्टमार्टम गर्न प्रहरीले सहजीकरण गरिरहेको जानकारी दिए। प्रहरीले शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल ल्याइसकेको भए पनि पोष्टमार्ट हुन सकेको छैन।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
सोरु गाउँपालिका
मुगु

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## धैर्यता कम आतुरता बढी

रवी लामिछानेले आफ्नो राजनीतिक जीवनयात्राको गाडीलाई आत्तिएर तीव्र गतिमा दौडाउन र ढुक्क भएर खरायो झैं निदाई बस्ने पनि हुँदैन भन्ने राजनीतिक मान्नेतालाई बुझ्न नसक्नु नै उनी राजनीति भन्दा स्टण्टबाजमा विश्वास राख्न व्यक्ति हुन भन्ने धेरैलाई लागेकै थियो । रवीले आफ्नो राजनीतिलाई बीचको गतिमा अगाडि बढाउनुपर्थ्यो त्यो गर्न जानेनन् । रविमा कुनै पनि विषयमा बोल्ने, निर्णय लिने, आलोचना गर्ने विषयमा धैर्यताभन्दा आतुरता बढी देखियो । भनाइ नै छ नि, बोल्यो कि पोल्यो, तित्राको मुखै बैरी । रविले पनि यसै गरे । भौगोलिक राजनीतिमा होमिएपछि पनि आफूलाई थाम्न सकेनन् । मिलाएर खेल्न जानेनन् राजनीतिक खेलमा । क्षणिक शक्ति आर्जनका लागि जे पनि बोलिदिने बानी पऱ्यो रवीलाई । आफैं दलको नेता बने । सल्लाह, सुझाव दिने परिपक्व अभिभावक भएनन् या भनेको मानेनन् । यस्तै उनको बोली र व्यवहारमा विनम्रताभन्दा आवेग, आवेश सँगै अहङ्कार बढी झल्कियो । चितवनबासी मतदाताको निराशाको भऱ्याङ चढेर राजनीतिमा आउने मौका पाए पनि त्यसलाई नम्रता र संयमतामा परिणत गर्न सक्नुपर्दथ्यो । त्यसो गर्न सकेनन् । बौद्धिक भन्दा भावमय दिमाग बढी चल्यो । मनलाई नियन्त्रण गर्न सकेनन् । मनको चञ्चलताले उनीलाई फसायो । एकैचोटी चौतर्फी प्रहार उनको क्षणीक आनन्दको आत्मरती देखियो । उनले एकैचोटी चौतर्फी शत्रु कमाउने काम गरे । सबै शक्ति केन्द्रलाई चिढ्याए । फरक पार्टीका वरिष्ठ नेताहरूदेखि प्रमुख मिडियालाई समेत बाँकी राखेनन् । मुलुकमा लामो वर्षौंदेखि 'धनाढ्य आडम्बर' पालिरहेका घरानियाहरूलाई कानूनी दायरामा ल्याउने प्रयास गरे । त्यसैले सबैतिरका शक्तिकेन्द्रहरू एकैसाथ रुष्ट भएर प्रहार गर्न थाले । तालमेल नमिल्ने कार्यशैली उनका व्यवहारमै देखिए । राजनीतिमा आए पनि उनमा सञ्चारकर्मका शैली र गुणहरू कायम नै रहे । राजनीतिक कार्यकर्ताको शैली र गुण पत्रकारितामा नमिले जस्तै पत्रकारिताका कार्यशैली र गुण परम्परागत राजनीतिमा मिलेन । नेता, सांसद्, मन्त्री, भइसकेका व्यक्ति जाजरकोट जिल्लामा भूकम्प गएका बेला एफएममा समाचार पढ्न पुगे । उनका यस्ता लहड र केटौलेपन अनेक देखिए । कतिपय सन्दर्भमा गरिएका 'स्टण्टबाजी'ले मिडियाको समर्थन भन्दा आलोचना नै पायो ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट

डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# जलवायु परिवर्तनको प्रभाव

प्रदिपराज पन्त



जलवायु परिवर्तनको घातक परिणाम स्पष्ट रूपमा सर्वत्र देखिन थालेको छ । कृषिका केही क्षेत्रमा फसलको उत्पादन उल्लेख्य रूपमा घट्न थालेको छ भने पानीको मुहानहरू सुकेर अभाव महसुस गर्न थालिएको छ । भोकमरीको समस्याले कैयौँ मुलुक आक्रान्त छन । मानव अस्थिर हुने सबैभन्दा प्रमुख कारण भोक र स्वास्थ्यको समस्याले गर्दा हो । भोकलाई प्रजातन्त्रको स्थायित्वसँग पनि जोडेर हेरिन्छ । हुन पनि जलवायु परिवर्तनको क्रम अहिलेकै दरमा रह्यो भने सन् २०३० देखि २०५० सम्ममा कृषि उत्पादन भयङ्कर कमी आउने छ र संसारका एक तिहाइ मानिस भोकै हुने छन् । मानिस भोको भएपछि अस्थिर हुन्छ र आफ्नो थातथलोलाई छोडेर पलायन हुन बाध्य हुन्छ । त्यस्तो प्रवासनको अन्तिम परिणाम भूराजनीतिक रूपमा विश्लेषण गर्दा अझ जटिल हुन्छ । जलवायु परिवर्तनको कारण हुने प्रवासनले वैश्विक रूपमा नै तनाव सिर्जना गर्छ । विज्ञहरूका अनुसार जलवायु परिवर्तनको कारणले कालान्तरमा राजनीतिक अस्थिरता र आतङ्कवादको समस्या सिर्जना हुन्छ, जसले गर्दा सम्पूर्ण मानवजातिको सुख शान्ति हराउने छ र मानव विकासक्रम नै अवरुद्ध हुन जान्छ । यस कारण जलवायु परिवर्तन सम्पूर्ण क्षेत्रसँग जोडिएको हुन्छ र यो अन्तरसम्बन्धलाई वैश्विक जोखिम रिपोर्ट सन् २०२३ मा स्पष्ट देखाइएको छ ।

**जलवायु परिवर्तनबाट उत्पन्न समस्या**

जलवायु परिवर्तन भनेको औसत मौसम प्याटर्नमा एक दीर्घकालीन परिवर्तन हो जो पृथ्वीको स्थानीय, क्षेत्रीय र वैश्विक जलवायुलाई परिभाषित गर्ने गर्छ । जलवायु परिवर्तन भनेको जलवायु परिवर्तनको कारणले देखिने नकारात्मक प्रभावको एउटा विस्तृत शृङ्खलाको पर्याय पनि हो । बिसौं शताब्दीको मध्यदेखि पृथ्वीको जलवायुमा देखिएको परिवर्तन मानवीय गतिविधि विशेष गरेर जीवाश्म इन्धनबाट प्रेरित भएको हो । जीवाश्म इन्धनलाई जथाभाबी अत्यधिक प्रयोग गर्दा पृथ्वीको वायुमण्डलको ताप रोधक ग्रिन हाउस ग्यासको स्तर बढ्न जान्छ, जसको कारण पृथ्वीको औसत तापमान पनि बढ्छ । यसको साथै केही अन्य प्राकृतिक प्रक्रिया जो मानवीय गतिविधिले अभिभूत भएको हुन्छ, त्यसले जलवायु परिवर्तनमा योगदान दिने गर्छ । जस्तो कि प्रशान्त महासागरको दोलन, चक्रीय महासागर प्याटर्न, बाहिरी दबाब जस्तो कि ज्वालामुखीको गतिविधिमा परिवर्तन, सूर्यको ऊर्जा उत्पादन र पृथ्वीको कक्षमा भिन्नता आदि । यी सबै गतिविधि प्रकृतिको नियम अनुसार भए प्रकृतिले आफैं सन्तुलन गर्छ, मानवका लागि हानिकारक हुँदैन किनभने प्रकृतिमा यस्ता प्रकोपको समाधान आफैं गर्न सक्ने अर्थात् आफैं सन्तुलन गर्ने क्षमता (होमियोस्टयासिस) हुन्छ तर आफ्नो स्वार्थका लागि प्राकृतिक स्रोतको जथाभाबी प्रयोग गर्नाले मौसमको प्याटर्नमा दीर्घकालीन प्रभाव पर्छ र त्यसले विनाश निम्त्याउँछ । यस कारण प्राकृतिक प्रकोपलगायतका विपत् दैवीय गतिविधिबाट सिर्जना भएको नभई मानव निर्मित हो । प्रकृतिलाई कसरी बुझ्ने भनेर महान् वैज्ञानिक स्टेफेन हकिङले आफ्नो किताब 'ब्रिफ आन्सर्स टु दि बिग कोइसन्स' भन्ने किताबको चौथो भाग 'डज गड एक्जिस्ट' मा सम्झाइएको छ । यसको ज्वलन्त उदाहरण सिरिया र अफ्रिकाबाट दिन सकिन्छ । सिरिया गृहयुद्धको प्रमुख कारण जलवायु परिवर्तनको परिणाम हो भन्ने गरिएको छ । सिरियामा विद्रोह हुनुभन्दा धेरैअघि किसान र गोठालाले गाउँ छोडेर सहर पसेका थिए । जलवायु परिवर्तनको प्रभावले गाउँ कृषि कर्मको उपयुक्त स्थान बन्न सकेन । गाउँले, गोठालाले घरपालुवा जनावरहरूलाई सामान्य खाना मात्र होइन पानीसमेत उपलब्ध गराउन सकेनन्, जसको कारण उनीहरू गाउँबाट सहर प्रवेश गर्न बाध्य भए । जब ठुलो संख्यामा गाउँबाट सहर मानिस प्रवेश गरे तब एक साथ सहरका मानिसहरूले अशान्ति महसुस गरे । सहरी मानिसका अशान्तिको कारण नै सिरिया लामो गृहयुद्धको कारण बन्यो । असदको पतनपछि पनि सिरियामा हत्याको शृङ्खला रोकिएको छैन । अफ्रिकामा जहाँ भोजन र पानीको कमी भएको छ त्यहाँ आतङ्कवादीहरूले अनावश्यक फाइदा उठाएका छन् र सरकारको उपस्थिति प्रायः शून्य छ । यसको मतलब त्यहाँको सरकार जलवायु परिवर्तनबाट सिर्जना हुने नकारात्मक परिणामप्रति संवेदनहीन छ भन्न खोजेको होइन, संवेदनशील हुँदाहुँदै सरकार असफल भयो । सुडान, इथियोपियालगायतका अफ्रिकी मुलुकको समस्या के रह्यो भने त्यहाँ सुकेको पानीको स्रोतको मुहान बचाउन सरकारले सकेन । कृषि कर्म गर्न मानिस असमर्थ भए र भोकमरिको समस्या भयावह हुन पुग्यो । यदि जलवायु समस्या समाधानका लागि ठोस कदम चालिएन भने यस्तो समस्या अफ्रिकामा मात्रै होइन सन् २०३० देखि सर्वत्र हुने छ । यसैले अहिलेको जलवायु परिवर्तनको समस्या विश्वभरकै पर्यावरणीय खतरा हो । यही पर्यावरणीय खतरा नै कालान्तरमा सुरक्षा खतरा बन्ने निश्चित छ । जलवायु परिवर्तनको कारणले अहिलेसम्म सुरक्षामा गरिएको सबै अनुसन्धानको नतिजालाई समेत चुनौती दिएको छ । अतीतमा कुनै पनि दुई देश जो एक अर्कामा निर्भर छन् या मजबुत दौत्य सम्बन्ध कायम भएको छ तिनीहरू एकआपसमा युद्ध गर्दैनन् भन्ने निष्कर्ष विज्ञको थियो । अर्को अनुसन्धानको नतिजा अनुसार जसको संस्कृति परिवेश उस्तै छ उनीहरू पनि युद्ध गर्दैनन् भन्ने थियो । परिस्थितिक रूपले एकआपसमा निर्भर भयो भने सुरक्षा पनि त्यही परिस्थितिक परस्पर निर्भर हुन्छ भन्ने गरिएको थियो तर जलवायु परिवर्तनको कारणले प्रकृतिमा आउन सक्ने नकारात्मक परिवर्तनले मानवीय एकजुटताको बन्धनमा खलल पुग्ने देखाएको छ । वैज्ञानिकहरूका अनुसार सन् २०३० देखि २०५० सम्म जलवायु परिवर्तनका कारण प्रतिवर्ष दुई लाख ५० हजार मानिसले ज्यान गुमाउने छन् । यसको साथै स्वास्थ्यमा विश्वले प्रत्यक्ष क्षति चार अर्ब डलर थप प्रतिवर्ष खर्च गर्नुपर्ने हुन्छ । नेपालको ठ्याक्कै यति हानि हुन्छ भन्ने बारेमा अध्ययन भएको छैन तर कहीँ अत्यधिक गर्मी, भारी वर्षा, बाढी या सुक्खा पहिरो, पानीको कमी आउने निश्चित छ । जलवायु परिवर्तनले हाम्रो देशमा कैयौँ जीव र वनस्पतिको प्रजातिहरूको जीवन सङ्कटमा छ र सचेतनामूलक कार्यक्रम सुरु ग्रिएन भने कैयौँ प्रजाति नष्ट हुने निश्चित छ । जब स्रोतसाधन सीमित हुन्छ त्यसपछि प्रतिस्पर्धा तीव्र हुन्छ र अस्थिरता सिर्जना हुन्छ ।

**समाधानका उपाय**

जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट छुटकारा पाउनु एक वैश्विक प्राथमिकता हो । जलवायु परिवर्तनको नकारात्मक प्रभावको परिणाम कम गर्न नेपालसँग थप स्रोतसाधनको आवश्यकता देखिन्छ । यसको साथै संयुक्त राष्ट्रसङ्घको सतत विकास लक्ष्य (एसडिजी) हासिल गर्नका लागि नेपालले तुरुन्तै केही कार्य योजना कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका लागि सबभन्दा पहिला अन्तर्राष्ट्रिय साझेदार संस्था र मित्रसँग सहकार्य गर्नुका साथै सुरक्षित जलवायुमैत्री जल र स्वच्छता सेवा सुनिश्चित गर्नु पर्छ । छ हजारभन्दा बढी खोला नाला छन् भनेर ढुक्क हुने अवस्था छैन किनभने अबको केही वर्षमा अर्थात् सन् २०३० देखि २०५० को अन्तरालमा पिउने पानीको स्रोतहरू घटने छन् र पानीको हाहाकार हुने छ । आइसल्यान्ड यस्तो देश हो, जसले आफ्नो नागरिक र पर्यावरणीय सन्तुलनका लागि पानीलगायतका प्राकृतिक संसाधनको सुरक्षाको मामिलामा मानक स्थापित गरेको छ । नेपालले पनि त्यस्तो पानी संरक्षण गर्ने योजना तुरुन्त ल्याउनुपर्ने छ । मेलम्ची जस्तो अत्यधिक जलवायु परिवर्तनबाट प्रभाव पर्ने पिउने पानीको योजनाको विकल्प अहिले नै सोच्न जरुरी छ । उपत्यका आसपास बहने अन्य साना खोलाको पानी मेलम्चीको मूल प्रवाहमा जोडन सकिएन भने सन् २०३० पछि पानीको हाहाकार हुने स्पष्ट छ । स्वच्छ जलको हाहाकार भयो भने त्यसले सम्पूर्ण क्षेत्रलाई नकारात्मक प्रभाव पार्छ । बिर्सन नहुने कुरा के छ भने हामी र हाम्रो छिमेकीबिच एउटा मौलिक साझा सांस्कृतिक बन्धन छ । हामी सबै प्रकारको जोखिम सम्झन र बुझ्न सक्छौं । समाजको क्षमतालाई कसरी संरक्षित बनाउन सकिन्छ, विभिन्न पारिस्थितिक जोखिम र व्यवधानबाट कसरी बचाउन सकिन्छ र समृद्ध बन्न सकिन्छ भन्ने बारेमा समझदार छौं । आवश्यक परे जोखिम लिन सक्छौं तर जलवायु परिवर्तनको बारेमा हुन सक्ने जोखिमको बारेमा हाम्रो समझदारीलाई अझ बढाउन जरुरी छ । यसैले पानीको उपभोग गर्ने सिलसिलामा पानीसम्बन्धी सम्झौता गर्दा हरेक पक्षबाट सावधानी अपनाउन जरुरी हुन्छ । सन् २०३० देखि २०५० सम्म यही दरमा छिमेकीलगायत मित्र राष्ट्रमा जीवाश्म इन्धनको प्रयोग बढ्यो र कृषि कर्ममा आधुनिकता भएन भने पानी भएको स्थानमा मानिसहरूको जनघनत्व थामिनसक्नु हुने छ र त्यसको प्रभावबाट नेपाल ज्यादै प्रभावित हुने निश्चित छ । छिमेकीसँग मात्र होइन हामी अहिले एक आपसमा अन्तरसम्बन्ध भएको वैश्विक युगमा छौं । यस कारण एउटा समुदायमा भएको खाद्य सङ्कट अर्को समुदायका लागि प्रवासन सङ्कट बन्न जान्छ र तेस्रो समुदायका लागि सुरक्षा सम्बन्धित सङ्कट उत्पन्न हुन्छ । सुरक्षा सङ्कट विश्वव्यापी चिन्ताको कारण हो, यसको भूराजनीतिक प्रभाव गहिरो हुन्छ । यस कारण नेपालले जलवायु परिवर्तनप्रति सजग भई लचिलो जल र स्वच्छता नीति तथा सेवा निर्माण गरी विश्वलाई वातावरणको क्षेत्रमा नवीन समाधान प्रस्तुत गर्न सक्नु पर्छ । पानीको व्यवस्थापनमा मानक स्थापना गर्न सकियो भने त्यसले कालान्तरमा वैश्विक उत्प्रेरकको कार्य गर्ने गर्छ ।

*–गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# रैथाने बाली संरक्षणका लागि बीउ प्रदर्शनी मेला

नमस्ते समचारदाता
मुगु, पुष/२२




मुगु जिल्लाको पश्चिम खत्याड गाउँपालिकामा स्थानीय कृषकहरूले उत्पादन गरेका रैथाने बालीका बीउहरूको प्रदर्शनीका लागि मेला आयोजना गरिएको छ। पहिले पहिले गाउँघरमा गाउँमै उत्पादन हुने अन्नपातबाट नै आफुले पुनः उत्पादनका लागि आवश्यक पर्ने बीउहरु राख्ने गरिन्थ्यो र त्यो लाभदायक पनि हुन्थ्यो । आधुनिकता सँगै आयातीत बीउ मलको प्रयोग बढेपछि रैथाने अन्नपातहरु विस्तारै लोप हुँदै गए। अहिले मानिसहरु पुनः रैथानी बाली प्रति आकर्षित हुँदै गएका छन् । शनिबार खत्याड गाउँपालिका -११ रातापानीमा कृषकहरूलाई बीउ ऐँचोपैँचोको प्रोत्साहन गर्दै बालीको विविधता र संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले एक कार्यक्रमको आयोजना भएको थियो । खत्याड बहुउद्देश्यीय सहकारी संस्था र मानव अधिकार तथा वातावरण विकास केन्द्र (हेरेन्डेक नेपाल)को संयुक्त आयोजनामा सम्पन्न भएको उक्त कार्यक्रममा सामाजिक सेवा अध्ययन केन्द्रको आर्थिक सहयोग र खत्याड गाउँपालिकाको समन्वयगरेका थिए । स्थानीय कृषकहरूको उत्पादनको मेलामा गरिएको प्रदर्शनका साथै बीउ ऐँचोपैँचो कार्यक्रम मार्फत रैथाने बालीको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्य राखिएको छ । प्रदर्शनीमा खत्याड गाउँपालिकाका वडा ८, ९, १० र ११ का कृषक समूहहरूले १०० देखि ४९० प्रकारका रैथाने बीउ तथा कृषि सामग्रीहरू प्रदर्शन गरेका थिए। मेलामा कुल ९ वटा रैथाने बीउका स्टलहरू राखिएका थिए । जहाँ विभिन्न प्रकारका बीउहरूको गुणस्तर र उपयोगिता बारे जानकारी गराइएको थियो । कार्यक्रमका क्रममा हेरेन्डेक नेपालका कार्यक्रम प्रबन्धक नमराज रावतले रैथाने बालीको संरक्षणको महत्वलाई जोड दिदै यस्ता मेलाले कृषकहरूको उत्पादन वृद्धि र कृषि क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए। मेलामा सहभागी कृषकले यस्ता कार्यक्रमहरूले कृषि क्षेत्रमा संलग्न कृषकहरूलाई प्रोत्साहन गर्ने भएकोले हरेक वर्ष यस्ता मेला आयोजना गरिनुपर्ने माग गरे । रैथाने बालीको संरक्षण र उत्पादकत्व वृद्धिका लागि यस्ता मेलाहरूले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । किसानहरूको माग अनुसार स्थानीय तहले यस्ता कार्यक्रमलाई निरन्तरता दिन विशेष पहल गरिनु पर्दछ।

# सुख्खा पहिरो रोक्न प्लम्प कंक्रिट गाह्रो निर्माण गरिँदै

नमस्ते समचारदाता
हुम्ला, पुष/२२



सडकको माथिल्लो भागबाट वर्षामा पहिरो र हिउदमा सुख्खा पहिरो बारम्बार खस्न थालेपछि सिमकोट-हिल्सा सडकको सिमकोट गाउँपालिका-७ को धारापोरी क्षेत्रको सडकको भित्तातर्फ प्लम्प कङ्क्रीट गाह्रो लगाउने कार्य भैरहेको छ । धारापोरी गाउँको ठाडो ढुङ्गामा गएको सुख्खा पहिरो रोक्नका लागि नयाँ प्रविधिको प्लम्प कङ्क्रीट गाह्रो लगाउने कार्य सुरु गरिएको निर्माण कम्पनी दाप्चा जेभीका फिल्ड प्रतिनिधि नरेन्द्र रावतले बताए । लागत ईष्टिमेटमा सो क्षेत्रमा उक्त कङ्क्रीट गाह्रो निर्माणको कार्य थिएन। गत कातिक १२ गते बेलुका एक्कासी सुख्खा पहिरो जाँदा दुई महिनासम्म सो खण्डको सडक पहिरोमा पुरिएको थियो । सो स्थानमा भने गाह्रो लगाउने कार्य भएको छैन। सुख्खा पहिरोबाट तीन सय मिटर सडक पुरिएको थियो । एक सय मिटर माथिबाट सुख्खा पहिरो खसेको थियो । तीन हप्ता अगाडिबाट निर्माण कम्पनीले पहिरोमा पुरिएको सडकको मर्मत कार्य सुरु गरेको थियो । हिल्सा-सिमकोट सडक आयोजनाका योजना प्रमुख बेलबहादुर नेपालीले उक्त क्षेत्रको पहिरो र सुख्खा पहिरो रोक्नका लागि प्लम्प कङ्क्रीट गाह्रो आवश्यक देखिएको कारण हाल गाह्रो लगाउने कार्य तीब्र रुपमा भई रहेको बताए । यसको स्थायी समस्या समाधानका लागि उक्त गाह्रो लगाउनुको अर्को बिकल्प नभएको उनी बताउँछन् । केही असजिलो स्थानमा भने ग्याविन लगाईनेछ। सिमकोट-हिल्सा सडकको ताग्रु खोलादेखि सरिमासम्मको ९ किलो मिटर सडकको स्तरोन्नति कार्य पुस मसान्तसम्म सम्पन्न गर्नु पर्ने भएपनि सुख्खा पहिरोको कारण निर्धारित मितिमा काम सम्पन्न गर्न कठिन देखिएको छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

# किसानलाई प्रतिफलको आधारमा अनुदान

नमस्ते समचारदाता
प्युठान, पुष/२२



सरुमारानी गाउँपालिका-३ हंसपुरकी निमाकुमारी रखालले विगत ६ वर्षदेखि गाउँकै शान्तिकुञ्ज सहकारीमार्फत खसीबोका बेच्दै आएकी छन् । खसिबोका विक्री गर्दा प्रदेश सरकारले उपलब्ध गराउने अनुदान पाउन थालेपछि रखालले सहकारीमार्फत् नै खसीबोका विक्री गर्दै आएकी हुन । रखालले, "३०-४० वटा बाख्रा पाल्दै आएको छु। वर्षेनी १०-१५ वटा सहकारीमार्फत विक्री हुन्छ। सहकारीबाट बेच्दा खसीबोकाको उचित मूल्य पाइन्छ। तौल नगरी बेच्दा घाटा पनि हुन सक्छ। आफ्नै आँखा अगाडि जोखेर बेच्न पाइने भएकाले सजिलो भएको छ।" आफ्नो मूल्यमा प्रदेश सरकारले थप अनुदानको रकम समेत दिएपछि गाउँका बाख्रापालक किसान उत्साहित देखिन्छन् । गाउँकै मनिसरा रानाले पनि वार्षिक रुपमा सहकारी मार्फत खसीबोका विक्री गरेर अनुदान रकम पाउँदै आएकी छन् । रानाले भनिन्, "प्रदेश सरकारले खसीबोका विक्री गर्दा अनुदान दिएको छ । हामीलाई खुशी लागेको छ । आफूले गरेको व्यवसायमा सहयोग र हौसला मिलेको छ ।" सरुमारानी गाउँपालिकाका दुई वटा सहकारी मार्फत प्रदेश सरकारले प्रतिफलमा आधारित अनुदान किसानलाई दिदै आएको छ । आर्थिक वर्ष ०७६/०७७ मा २ लाख २० हजार ६ सय ७५, ०७७/०७८ मा ५ लाख ७९ हजार ५ सय ४६, ०७८ /०७९ मा ३ लाख ३७ हजार ८ सय ५५ र ०८० /०८१ मा ५ लाख ३८ हजार अनुदान प्राप्त गरेको शान्तिकुन्ज सामाजिक उद्यमी महिला सहकारीका व्यवस्थापक टेम्पल सारुले बताए । किसानलाई फाइदा भएको छ। अनुदानले गर्दा खुशी भएका छन् । सहकारीले आर्थिक वर्ष ०८० /०८१ मा ४ सय ४१ वटा खसिबोका सहकारी मार्फत विक्री भएको बताइन। गाउँमा सहकारी स्थापना भएपछि किसानले सहकारीबाट नै खसिबोका विक्री गर्ने गरेको उनले सुनाइन। गाउँमा व्यावसायिक रुपमा बाख्रापालन गर्ने किसानहरु बढ्दै गएको उनले बताइन । सरुमारानी क्षेत्र व्यावसायिक बाख्रापालनको पकेटको रुपमा परिचित हुँदै गएको छ। वार्षिक रुपमा नियमित खसीबोका विक्री गर्दै आएको र स्थानीयलाई राम्रो आम्दानीको स्रोत बनेको छ। प्रदेश सरकारले किसानलाई दुध, अण्डा र मासुमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान दिँदै आएको छ। आर्थिक वर्ष ०७६ /०७७ सालदेखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान दिँदै आएको हो । मासुमा प्रति केजी २५ रुपियाँ, दुधमा प्रतिलिटर २ रुपियाँ र अण्डामा प्रति गोटा २५ पैसाका दरले अनुदान दिने गरेको छ । सरुमारानी गाउँपालिका-२ कै सक्रिय सामाजिक उद्यमी महिला सहकारी मार्फत प्रतिफलमा आधारित प्रोत्साहन अनुदानबाट किसान लाभान्वित भएका छन् । सहकारीले मासु र दुधमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्राप्त गरि किसानलाई दिँदै आएको सहकारीका व्यवस्थापक राधा अमात्यले बताइन । सहकारीको तथ्याङ्क अनुसार तीन आर्थिक वर्षमा १५ लाख रुपियाँ बढी अनुदान वितरण गरिएको छ। ०७७ /०७८ मा ७ लाख ६२ हजार ८ सय ५३ रुपियाँ, ०७८ /०७९ मा ४ लाख ७० हजार र् सय २९ रुपियाँ र ०७० /०८१ मा ३ लाख ८८ हजार ४ सय ९५ रुपियाँ अनुदान प्राप्त भएको व्यवस्थापक अमात्यले बताइन।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

